नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

**विद्यालय शिक्षा सम्बन्धी गतिविधि-४६ (पूर्णाङ्क २५१)**

# ५५औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको शुभकामना सन्देश

काठमाडौँ, नेपाल

प्रधानमन्त्री

## शुभकामना



सन् २०२१, सेप्टेम्बर ८ (२०७८ साल भदौ २३) का दिन मनाउन लागिएको ५५औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाकर्मी लगायत सम्पूर्ण दाजुभाइ दिदीबहिनीमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक र भौतिक पूर्वाधारका रूपमा लिइने शिक्षालाई मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने शैक्षिक प्रणालीको अभिन्न अङ्गका रूपमा स्वीकार गरिएको पाइन्छ। आम जनतालाई साक्षर बनाउने प्रयास स्वरूप हाल ६७.९ प्रतिशत नेपाली साक्षर रहेको तथ्याङ्कले अझै पनि नेपालमा साक्षरता कार्यक्रमलाई निरन्तरता दिई यस क्षेत्रमा थप प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता छ। शिक्षा क्षेत्रको विगत सात दशकको प्रयाससँगै नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरी नेपालको संविधान जारी भई सङ्घीयताको कार्यान्वयन भइरहेको वर्तमान सन्दर्भमा सबै नागरिकलाई साक्षर बनाउन सरकारका क्रियाकलाप केन्द्रित छन्।

गुणस्तरीय, रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिँदै सङ्घीयताको स्वरूप अनुरूप शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने कुरामा सरकारको ध्यान केन्द्रित भएको छ। कोभिड–१९ महामारी हुँदाहुँदै पनि दिगो विकासको लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता कार्यान्वयन गर्न शिक्षाको महत्त्वपूर्ण भूमिका रहने भएकाले नेपालले साक्षर नेपालको अभियान अगाडि बढाइरहेको छ। सबै निरक्षर नेपालीलाई साक्षर बनाउनु हाम्रो मुख्य लक्ष्य हो, त्यसैले हामी सबै मिलेर साक्षर नेपाल अभियानको महान् कार्यमा जुट्नु जरुरी छ। हाल नेपालका ७७ जिल्लामध्ये ५४ जिल्ला साक्षर घोषणा भइसकेका छन्। निरन्तर शिक्षालाई संस्थागत गर्दै आउँदा दिनमा बाँकी रहेका जिल्लाको साक्षरता अभियान सञ्चालन गरी साक्षर नेपालको घोषणा गर्नेतर्फ सरकारका गतिविधि केन्द्रित रहनेछन्।

अन्त्यमा ५५औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा '**मानव केन्द्रित पुनर्लाभका लागि साक्षरता; प्रविधि प्रयोगको असमानतामा न्यूनता (Literacy for a human centered recovery: Narrowing the digital divide.)** ।' आदर्श वाक्यलाई सफल पार्न सबैको सहयोगको अपेक्षा गर्दै अन्तर्राष्ट्रिय साक्षरता दिवसको पूर्ण सफलताका लागि कामना गर्दछु।

**जय नेपाल !**

२३ भदौ, २०७८

**शेर बहादुर देउवा**

---

## अन्तर्राष्ट्रिय साक्षरता दिवस्

**२०७८ भदौ २३ (September 8, 2021)**

**"Literacy For a human centered recovery: Narrowing the digital divide"**

**मानव केन्द्रित पुनर्लाभका लागि साक्षरता; प्रविधि प्रयोगको असमानतामा न्यूनता।**

### नेपालमा साक्षरताको विद्यमान अवस्था

| विवरण | अवस्था |
|---|---|
| १५ वर्षभन्दा माथि उमेर समूहको साक्षर जनसंख्या | जम्मा : ६७.९% |
| | पुरुष : ७८.६%, |
| | महिला : ५९.७% (UNESCO, 2018) |
| १५–२४ वर्ष उमेर समूहको साक्षर जनसंख्या | जम्मा : ९२.४% |
| | पुरुष : ९४% |
| | महिला : ९०.९% (UNESCO, 2018) |
| प्रौढ साक्षरता (१५–६० वर्ष) | जम्मा : ८२% (Literate Nepal Year, 2019) |
| विद्यालयहरू | जम्मा : ३५६७४ |
| | सामुदायिक : २७८१२ |
| | संस्थागत : ६७३२ |
| | परम्परागत : ११३० |
| सामुदायिक सिकाइ केन्द्रहरू | २१५१ वटा |
| खुला विद्यालयहरू | १२१ वटा |
| अनौपचारिक प्रौढ विद्यालयहरू | १७१ वटा |
| साक्षर घोषणा भएका जिल्लाहरू | ५४ वटा |
| साक्षर घोषणा हुन बाँकी जिल्लाहरू – (प्रदेशगत रूपमा) | प्रदेश १– ताप्लेजुङ, सोलुखुम्बु<br>प्रदेश २– सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा<br>बागमती प्रदेश– काठमाडौँ<br>लुम्बिनी प्रदेश– कपिलवस्तु र बाँके<br>कर्णाली प्रदेश– मुगु, जुम्ला, हुम्ला, कालीकोट, डोल्पा<br>सुप प्रदेश– कैलाली, कञ्चनपुर, डोटी, बाजुरा, बझाङ |
| २३ वटा जिल्लाका जम्मा स्थानीय तहहरू | २७० वटा |
| २७० वटा स्थानीय तहहरूमध्ये साक्षर घोषणा भएका स्थानीय तहहरूको सङ्ख्या | ५२ वटा (साक्षर घोषणा गर्न बाँकी स्थानीय तह २१८)<br>CEHRD (non– formal Section) |

---

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शुभकामना

सिंहदरबार
काठमाडौँ, नेपाल



व्यक्तिका अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराउने मुख्य माध्यम शिक्षा हो। नागरिकको चेतना जागृत गराउन साक्षर हुनु प्रमुख आधारभूत आवश्यकता हो। शिक्षा प्राप्त गर्ने व्यक्तिको जन्मसिद्ध र नैसर्गिक अधिकार हो। सबैका लागि शिक्षासँगै शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमले निरक्षरता उन्मूलन गरी विकास र समृद्धिको यात्रामा अघि बढ्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। त्यसैले नेपाल सरकारले साक्षर नेपाल अभियानका माध्यमबाट सबै निरक्षरलाई साक्षर बनाउने प्रतिबद्धताका साथ विगतका वर्षबाटै विविध कार्यक्रमको माध्यमबाट यो अभियान अगाडि बढाउँदै आएको छ। हाल विश्व नै कोभिड–१९ (Covid–19) को महामारीबाट आक्रान्त छ। नेपाल पनि यसबाट अछुतो छैन। यस्तो असहज परिस्थितिमा शिक्षाका कार्यक्रमलाई वैकल्पिक विधि तथा प्रक्रियाबाट निरन्तरता दिँदै साक्षरता अभियान प्रभावकारी बनाउन स्थानीय तह, प्रदेश र केन्द्रबीच समन्वय र सहकार्यको आवश्यकता रहन्छ। निरक्षरता उन्मूलन गर्न नेपाल सरकारको अठोट पूरा गर्ने अभियानमा सबै प्रदेश तथा स्थानीय तहका साथै सबै सम्बद्ध पक्षको सहयोगका निम्ति हार्दिक अनुरोध गर्दछु। साक्षरतासँगै साक्षरोत्तर शिक्षा, आयआर्जन एवं दक्षता अभिवृद्धिका कार्यक्रमलाई समेत सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा गर्ने र साक्षरताका कार्यक्रमलाई मुलुकको गरिबी निवारणसँगै आर्थिक विकासमा योगदान पुर्‍याउने जनशक्ति उत्पादनमा केन्द्रित गरी कार्यक्रम मार्फत अन्तरनिहित चेतनाको प्रस्फुरण गर्ने कार्यमा समन्वय सहकार्यबाटै यो अभियान पूरा गर्नुपर्नेछ। अन्तर्राष्ट्रिय साक्षरता दिवस सेप्टेम्बर ८, २०२१ का अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै वर्तमान असहज परिस्थितिमा पनि साक्षर नेपालको अभियानमा निरन्तर हातेमालो गरी अघि बढ्न सबैमा पुनः अनुरोध गर्दछु।

**राम प्रसाद थपलिया**
सचिव (शिक्षा)

---

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शुभकामना

सिंहदरबार
काठमाडौँ, नेपाल



५५औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको यस पुनीत घडीमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै साक्षरता र निरन्तर शिक्षाका माध्यमबाट राष्ट्रको सामाजिक र आर्थिक रूपान्तरणमा सहयोग पुग्ने कुरामा विश्वस्त छु। नेपालको संविधानले प्रदान गरेको मौलिक हक एवं आधारमूत शिक्षा अनिवार्य एवं निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्कको अवधारणा सङ्घीयताको कार्यान्वयनको चरणमा विज्ञान प्रविधिलाई देशको समग्र र दिगो विकाससँग आबद्ध गरेको परिप्रेक्ष्यमा साक्षरता जीवन पर्यन्त शिक्षालाई गुणस्तरीय जीवन स्तरका लागि नयाँ प्रविधिसँगै जोड्दै लैजानु आजको आवश्यकता हो।

'**मानव केन्द्रित पुनर्लाभका लागि साक्षरता; प्रविधि प्रयोगको असमानतामा न्यूनता (Literacy for a human centered recovery, Narrowing the digital divide.)** ।' भन्ने आदर्श वाक्यका साथ मनाउन लागिएको अन्तर्राष्ट्रिय साक्षरता दिवसले सबैलाई मिलेर साक्षर नेपाल अभियानमा सरिक हुन आह्वान गर्दछु। विगतमा सिकेका पाठबाट आउँदा दिनमा सबैको सहकार्यबाट यो अभियान सफल हुनेछ भन्ने विश्वासका साथ पुनः सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

**सुरेश आचार्य**
सचिव (विज्ञान प्रविधि)

---

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर

## शुभकामना



देशको मानव संसाधन विकास, आर्थिक सामाजिक विकासका लक्ष्य हासिल गर्न नेपाल सरकारले विभिन्न कार्यक्रम विगत लामो समयदेखि सञ्चालन गरी निरक्षरता उन्मूलनतर्फ आफ्ना प्रयास जारी राखेको कुरा सर्वविदितै छ। सिकाइ निरन्तरताको माध्यमबाट राष्ट्रिय विकासमा टेवा पुर्‍याउँदै गतिशील र दिगो शिक्षा पद्धति स्थापना गरी बदलिँदो वर्तमान परिवेशमा कार्यक्रमलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउनुपर्ने आवश्यकता रहेको छ।

साक्षर नेपाल कार्यक्रमको सफलता सरकारको एक्लो प्रयासले मात्र सम्भव छैन। साक्षरताको विषय अन्तर सम्बन्धित विषय हो। महिला, दलित, जनजाति, अपाङ्ग, आदिवासी सुविधाविहीन, निरक्षर वर्गलाई साक्षरता तथा आय आर्जनका कार्यक्रममा संलग्न गराई सीप विकासमा केन्द्रित गराउन जरुरी छ। विगतमा भएका विभिन्न कार्यक्रम र क्रियाकलापबाट प्राप्त अनुभवले यस कार्यमा सरोकारवाला हामी सबैमा थप हौसला प्रदान गरेको छ। जिल्ला जिल्लामा साक्षरता अभियानले गति लिएको छ जसको परिणाम स्वरूप हाल ५४ जिल्ला साक्षर घोषणा भइसकेका छन्। सफल साक्षर अभियानका लागि स्थानीय तहको सक्रियतामा गाउँ–गाउँ र टोल–टोलमा सामुदायिक केन्द्रको संलग्नतामा साक्षरताका अभियान परिचालन गरिनुपर्दछ। जसमा सबै गैरसरकारी संस्था, विद्यालय, शिक्षक, विद्यार्थीको सहयोग उत्तिकै आवश्यक रहन्छ।

कोभिड–१९ (Covid–19) को महामारीको यस कठिन घडीमा पनि शिक्षा र साक्षरतालाई निरन्तरता दिँदै सबैलाई साक्षर बनाउनेतर्फ उत्प्रेरित गर्न हामी सबैको साझा प्रयास आवश्यक छ। त्यसैले साक्षरताका कार्यक्रममा सबै समर्पित भई अगाडि बढ्न हार्दिक अपिल गर्दछु।

५५औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको यस पुनीत अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै '**मानव केन्द्रित पुनर्लाभका लागि साक्षरता; प्रविधि प्रयोगको असमानतामा न्यूनता (Literacy for a human centered recovery, Narrowing the digital divide.)** ।' भन्ने आदर्श वाक्यलाई शैक्षिक सुधारमा केन्द्रित गरी सबैको सार्थक सहभागिताका लागि आह्वान गर्दछु।

**धन्यवाद।**

**वैकुण्ठ प्रसाद अर्याल**
महानिर्देशक

---


**Government of Nepal**

**Ministry of Education Science & Technology**

**Center for Education & Human Resources Development**

**Sanothimi, Bhaktapur**

**Invitation For Online Bids**

**IFB No.-01/078/79**

**First date of publication: -2078/05/23 B.S (Sept 08, 2021)**

1. The Government of Nepal has allocated funds towards the purchasing of officials goods and intends to apply part of the funds to cover eligible payments under the following Contracts. Bidding is open to all eligible Bidders.
2. Center for Education & Human Resources Development (CEHRD) Sanothimi, Bhaktapur invites sealed bids from eligible and qualified bidders for the following work. Some of the qualification criteria are mentioned below, though the details are mentioned in the bidding document. If anything contradictory, as per PPA and PPR shall prevail.

| Contract No./Bid No. | Description of Works | Minimum Bid Security Amount | Price of Bid Document (NRs) |
|---|---|---|---|
| CEHRD/GOODS/SQ/01/078-79 | Purchasing of Official Goods. | NRS. 50,000.00 | NRS. 1000.00 |

3. Submission of Hard copy is not applicable. Bidders shall have to download the bidding documents and deposit the cost of bidding document (non-refundable fee of ***Rs 1000*** ) (as specified below) in the employer's account and submit their bids electronically, the electronic bidding submission procedures shall be as described in PPMO E-procurement web portal for E-submission of bids which is provided in its website www.bolpatra.gov.np/egp
   **Name of the Bank:** Nepal Bank Limited, Bhaktapur.
   **Name of Office:** Center for Education & Human Resources Development Sanothimi, Bhaktapur.
   **Office Code no.:** 350013301
   **Dharauti Khata No:-** 01901000002003000001
   **Office Account no.:** 00101000000001001001
   **Revenue title no. :** 14229
4. Electronics bids must be delivered to the address below at or before 12:00 hours (local Time) on date 2078/06/07 (Sept 23, 2021). All bids must be accompanied by a bid valid for a period of 45 days after bid opening and must be accompanied by a bid security, which shall be valid for at least 30 days beyond the validity period of the bid after the date of bid opening in accordance with clause 15 of ITB late Bids will be rejected.
5. The electronics bids will be opened in the presence of the bidder's representatives, who choose to attend in person at the address below at 14:00 hours (local time) on date 2078/06/07 (Sept 23, 2021) at Center for Education & Human Resources Development (CEHRD) Sanothimi, Bhaktapur.
6. If the last date of submission and opening falls on a government holiday it shall be extended to the next working day. Any corrections needed shall be published on the notice board of Center for Education & Human Resources Development (CEHRD) Sanothimi, Bhaktapur. and PPMO's web portal www.bolpatra.gov.np/egp
7. Information or data submitted by the bidders which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
8. Bidders are advised to visit the office and assess the actual conditions before submitting their bid.
9. The employer reserves the right to accept or reject any bid, and to cancel the process and reject all Bids at any time prior to contract award without assigning reason.
10. Other matters not stated in this notice would be under the prevailing Public Procurement Act 2063, Regulation 2064 and their amendment.

**Employer Address**

**The employer is:** Center for Education & Human Resources Development
**Attention :** Section Head
**Address**: Sanothimi, Bhaktapur.
**Telephone:** ***01-6638706***
**E-portal :** www.bolpatra.gov.np/egp

**Section Head**



**राष्ट्रिय युवा परिषद्**

**सानोठिमी, भक्तपुर।**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।०५।२३**

**श्री प्राविधिक तथा व्यावसायिक धार/शिक्षा सञ्चालित वा नमुना सामुदायिक माध्यमिक विद्यालयहरू,**

**एक शिक्षण संस्था एक उद्यम कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने बारे।**

प्रस्तुत विषयमा चालू आ.व.मा राष्ट्रिय युवा परिषद्को स्वीकृत वार्षिक कार्यक्रम अनुसार '**एक शिक्षण संस्था एक उद्यम कार्यक्रम**' सञ्चालन गर्न इच्छुक प्राविधिक तथा व्यावसायिक धार/शिक्षा सञ्चालित वा नमुना विकासका लागि छनोट भएका सामुदायिक माध्यमिक विद्यालयहरूले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यढाँचा, २०७८ बमोजिम सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र व्यावसायिक परियोजना प्रस्ताव सहित तपसिलका कागजात सहित संलग्न ढाँचामा निवेदन दिनुहुन अनुरोध छ। विस्तृत जानकारीका लागि परिषद्को वेबसाइट **www.nyc.gov.np** मा हेर्नुहुन तथा फोन : ०१–६६३५८३५ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

**तपसिलः**

१. **उद्यम सञ्चालन सम्बन्धमा स्थानीय तहको सिफारिस।**
२. **विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता।**
३. **उद्यमी विद्यार्थी क्लब गठन भएको निर्णयको प्रतिलिपि र उद्यम कोष स्थापना भएको प्रमाण।**
४. **पूर्व विद्यार्थी मञ्च गठन भएको निर्णयको प्रतिलिपि र पदाधिकारीहरूको विवरण।**
५. **पछिल्ला तीन शैक्षिक सत्रको शैक्षिक उपलब्धि विवरण।**
६. **पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।**

**नोटः**

१. **प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागू भएको वा नमुना विकासका लागि छनोट भएका सामुदायिक माध्यमिक विद्यालय हुनुपर्नेछ।**
२. **कार्यान्वयन कार्यढाँचामा निर्धारित मूल्याङ्कनका आधार बमोजिम प्रत्येक प्रदेशबाट एक/एक र सङ्घबाट एक गरी आठ वटा विद्यालय छनोट गरिनेछ।**
३. **छनोट भएका विद्यालयले बीउ पुँजीका रूपमा रु. ७ लाख रुपियाँ अनुदान पाउनेछन्।**
४. **प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागू भएका नमुना सामुदायिक माध्यमिक विद्यालयलाई विशेष प्राथमिकता दिइनेछ।**
५. **एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यढाँचा, २०७८ www.nyc.gov.np मा उपलब्ध छ।**
६. **प्रस्ताव परिषद्को इमेल info@nyc.gov.np बाट समेत पठाउन सकिनेछ। म्याद नाघेका प्रस्ताव उपर कुनै कारबाही गरिनेछैन।**